अनुसूची–२

(दफा ४ तथा अनुसूची– १ को भाग –२ संग सम्बन्धित)

साँफेबगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड –०३ संख्या –०४ मिति : २०७६/०९/२४

## भाग –०२

## साँफेबगर नगरपालिकाको एम्बुलेन्स संचालन कार्यविधि –२०७६

आज्ञाले ,
लक्ष्मी प्रसाद शर्मा
नि. प्रमुख प्रशासकीय अधिकृत

# साँफेबगर नगरपालिकाको एम्बुलेन्स सेवा संचालन कार्यविधी –२०७६

## प्रस्तावना :

साँफेबगर नगरपालिका क्षेत्र भित्र खासगरी स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी साँफेबगर नगरपालिकाले देहायको कार्यविधी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम " साँफेबगरको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधी–२०७६" रहेको छ ।

(ख) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "एम्बुलेन्स " भन्नाले बिरामी ओसार्ने स्विकृति प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले साँफेबगर नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) "नगर समिति" भन्नाले दफा ३ बमोजिम गठित नगर एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(छ) "वडा समिति" भन्नाले दफा ४ बमोजिम गठित वडा स्तरीय एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(ज) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

**३. नगर एम्बुलेन्स सेवा संचालन, व्यवस्थापन तथा अनुगमन समिति :**

(१) नगर स्तरमा एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक नगर एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) नगर प्रमुख वा निजले तोकेको का.पा सदस्य - संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) नगर प्रबक्ता - सदस्य

(घ) प्रतिनिधि, नगर रेडक्रस सोसाईटी- सदस्य

(ङ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ४. वडा एम्बुलेन्स सेवा संचालन, व्यवस्थापन तथा अनुगमन समिति :

(१) वडा स्तरमा एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक वडा एम्बुलेन्स सेवा संचालन, व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - संयोजक

(ख) वडा सचिव - सदस्य

(ग) वडा सदस्य दलित, महिला अपांग जनजातीबाट एक जना - सदस्य

(घ) स्वास्थ्य चौकी ईन्चार्ज- सदस्य सचिव

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता संचालन कोषको अवस्था हेरी नगर समिति र वडा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ५. नगर समिति र वडा समितिको काम, कर्तव्य र अधिकार :

(१) समितिहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) नियमानुसारको प्रक्रिया पुरा गरी चालक नियुक्त गर्ने तथा अन्य जनशक्ति व्यवस्थापन गर्ने ।

(ग) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस कार्यविधी अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(घ) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

( ङ ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । समितिले आवश्यकता महशुस गरे अनुसार भाडा पुनरावलोकन सकिने छ ।

( च) सरोकारवाला तथा अन्य सङ्घहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ,

(छ) नगरपालिका तथा वडाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(ज) चालकले अनुसुची–१ बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) नगर समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३) वडा समितिको सदस्य सचिवले सेवा प्रवाहको स्थितिको अध्यावधिक विवरण प्रत्येक आर्थिक बर्षको आषाढ मसान्तमा वडा कार्यसमितिमा पेश गर्नु पर्नेछ र उक्त विवरण वडा कार्यसमिति मार्फत नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## ६. संचालन कोष तथा सेवा शुल्क सम्बन्धी व्यवस्था :

(१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले समितिले तोके अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) नगर स्तरीय एम्बुलेन्स सेवा बापत उठेको रकम नगरपालिकाले राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंक वा वित्तीय संस्थामा एक अलग बैक खाता/कोष खडागरी जम्मा गर्नेछ ।

(३) वडा स्तरीय एम्बुलेन्स सेवा वापत उठेको रकम वडा कार्यालयले राष्ट्र बैंक बाट ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्थामा खाता/कोष खडा गरी जम्मा गर्नेछ ।

(४) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिका तथा वडाले नगदी रसिद छपाई प्रमाणित प्रति उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता नगरपालिका तथा सम्बन्धित वडामा राखीने छ ।

(५) सेवा दिएबापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(६) कोषको रकम नगर समिति र वडा समितिले तयार गरी कार्यपालिकाबाट स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

(७) समितिका पदाधिकारीको बैठक भत्ता लगायतको सेवा सुचारु गर्न आवश्यक खर्च सम्बन्धित कोषबाटै बेहोर्नु पर्नेछ ।

(८) सम्बन्धित कोष खाताको संचालन नगर समितिको हकमा प्रमुख प्रशासकीय अधिकृत र समितिको सदस्य सचिवको नामबाट गरिनेछ भने वडा समितिको हकमा वडा सचिव र समितिको सदस्य सचिवको नाममा गरिनेछ ।

(९) कोष खाताको नाम साँफेबगर नगर स्तरीय एम्बुलेन्स सेवा संचालन कोष र वडा स्तरीय भए सम्बन्धित वडा स्तरीय एम्बुलेन्स सेवा संचालन कोष राखिने छ ।

## (७) चालकको नियुक्ती र सेवा सुविधा :

(१) एम्बुलेन्स सेवा संचालनका लागि नगर समिति र वडा समितले आ–आफ्नो क्षेत्रको लागि नियमानुसारको प्रक्रिया पुर्याई एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) र (४) बमोजिमको समितिहरुले निर्धारण गरे बमोजिम हुनेछ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना विमा गरिनेछ। विमाको प्रिमियम बापतको रकम यसै कार्यविधी बमोजिमको कोषबाट वेहोरिने छ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता समितिले तोके बमोजिम हुनेछ।

**(८) एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार :**

(१) एम्बुलेन्स नगरपालिका वा सम्बन्धित वडाको पायक पर्ने स्थानमा सुरक्षा व्यवस्था सुनिश्चित गरि राख्नुपर्ने छ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ।

**(९) विविध :**

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण समितिले तोके बमोजिम हुनेछ।

(२) यस कार्यविधीमा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिहरुको सिफारिशमा नगर कार्यपालिकाले गर्न सक्नेछ।

**प्रमाणीकरण मिति :** २०७६/०९/२४

**आज्ञाले,**

**लक्ष्मी प्रसाद शर्मा**

**नि.प्रमुख प्रशासकीय अधिकृत**